Soaltee Hotel Limited

★ ★ ★ ★ ★

चलानी नं. SHL-223/12/11/2026

मितिः २०८३ कार्तिक २७ गते

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं,
नेपाल ।

विषयः प्रथम त्रैमासिक प्रतिवेदन तथा अपरिष्कृत वित्तीय विवरण पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा, **धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३** (संशोधन सहित) को नियम २६ को उपनियम (१) अन्तर्गत अनुसूची-१४ बमोजिम **आर्थिक वर्ष २०८३/८४ को २०८३ साल आश्विन ३१ गते** समाप्त भएको **प्रथम त्रैमासिक अवधि** सम्बन्धी यस कम्पनीको **लेखापरीक्षण नभएको** (अपरिष्कृत) **वित्तीय विवरण** सहितको प्रथम त्रैमासिक प्रतिवेदन यसै पत्रसाथ संलग्न गरी पेश गरिएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

साथै, उक्त **आर्थिक वर्ष २०८३/८४ को २०८३ साल आश्विन ३१ गते** समाप्त भएको **प्रथम त्रैमासिक प्रतिवेदन** नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट **NEPSE Online Trading System -NOTS** मा रहेको यस कम्पनीको सम्बन्धित मोड्युल मार्फत समेत अपलोड गरिएको जानकारी सादर अनुरोध गर्दछौं ।

सादर धन्यवाद ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

भवदीय,

लिल बहादुर खत्री
प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव

बोधार्थ
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
शेयरमार्केट कमर्सियल कम्प्लेक्स,
पुतलिसडक, काठमाण्डौ ।

संलग्न कागजातहरुः

धितोपत्र दर्ता निष्काशन नियमावली, २०७३ (संशोधन सहित), नियम २६ (१) अनुसुची १४ बमोजिमको प्रथम त्रैमासिक अवधिको विवरण १

SHARE HUB

आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित

अनुसूची – १४

सोल्टी होटल लिमिटेडको २०८३ आश्विन मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

१. वित्तीय विवरण

कम्पनीको नेपाल लेखामानको आधारमा लेखांकन गरिएको आर्थिक वर्ष २०८३/८४ को **२०८३ आश्विन ३१** मा अन्त्य भएको प्रथम त्रैमासिक अवधिका आर्थिक विवरण तथा प्रमुख वित्तीय अनुपातहरु निम्न अनुसार प्रस्तुत गरिएको छ।

(क) आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिको वासलात, र नाफा नोक्सान सम्बन्धी विवरण :–

(१) कम्पनीको आर्थिक वर्ष २०८३/८४ को **२०८३ आश्विन ३१** मा अन्त्य भएको प्रथम त्रैमासिक अवधिको वैधानिक लेखापरिक्षण हुनु पूर्वको तुलनात्मक वित्तीय विवरणहरु **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

(२) प्रथम त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यावसायीक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको।

(ख) आर्थिक वर्ष २०८३/८४ को २०८३ आश्विन ३१ मा अन्त्य भएको प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तीय विवरणका प्रमुख वित्तीय अनुपातहरु निम्न अनुसार रहेका छन्:–

विवरण	प्रथम त्रैमासिक अवधिको अन्त्यमा (२०८३ आश्विन ३१) (लेखापरीक्षण नभएको)	अघिल्लो त्रैमासिक अवधिको अन्त्यमा (३२ आषाढ २०८३) (लेखापरीक्षण नभएको)	गत वर्षको प्रथम त्रैमासिक अवधि को अन्त्यमा (३१ आश्विन २०८२) (लेखापरीक्षण नभएको)
प्रमुख वित्तीय सूचांकहरु:			
ऋण पूँजिको अनुपात	–	०.०१	०.०५
शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल	०.०४	०.२३	०.०४
प्रति शेयर आम्दानी (रु.)	१.२१	६.४८	१.२१
प्रति शेयर नेटवर्थ (रु.)	२९.९२	२८.५२	२८.३०
प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.)	३६.३३	३३.९७	३६.१२
प्रति शेयर बजार मूल्य (रु. १० प्रति शेयर) (रु.)	५२०.००	४८९.५०	४८५.००
प्राईस अर्निङ्ग रेसियो (टाईम्स)	४२९.२०	७५.५८	४०१.०२
चालु अनुपात	१.५०	१.८०	०.८८

२. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक समीक्षा अवधि (श्रावण-आश्विन) मा नेपालको पर्यटन क्षेत्र उत्साहजनक तथा सकारात्मक प्रवृत्तिका साथ अग्रसर रहेको छ। नेपाल पर्यटन बोर्डद्वारा प्रकाशित तथ्याङ्क अनुसार समीक्षा अवधिमा हवाईमार्गबाट नेपाल आगमन गर्ने विदेशी पर्यटकको संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब ३.३२ प्रतिशतले वृद्धि भई लगभग २,४५,४६७ पुगेको छ। साथै, सन् २०२६ को जनवरी देखि सेप्टेम्बर सम्मको अवधिमा हवाईमार्ग मार्फत नेपाल भ्रमण गर्ने विदेशी पर्यटकहरूको कुल संख्या ८,६५,९२० पुगेको छ, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६.२१ प्रतिशतले बढी रहेको छ।

समीक्षा अवधिमा सांस्कृतिक, धार्मिक, मनोरञ्जनात्मक तथा पर्वतीय पर्यटन गन्तव्यहरूप्रति आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटकहरूको आकर्षण उल्लेखनीय रूपमा वृद्धि भएको छ। यसका साथै, ट्रेकिङ, पर्वतारोहण तथा अन्य साहसिक पर्यटन सम्बन्धी गतिविधिहरूमा समेत सकारात्मक विस्तार देखिएको छ। पर्यटक आगमनमा देखिएको निरन्तर वृद्धि तथा पर्यटन सम्बद्ध आर्थिक गतिविधिहरूको विस्तारले नेपालको पर्यटन उद्योगको स्थायित्व, प्रतिस्पर्धात्मकता तथा दीर्घकालीन सम्भावनालाई थप सुदृढ बनाएको संकेत गर्दछ।

उक्त अनुकूल पर्यटन तथा व्यावसायिक वातावरणको सकारात्मक प्रभावस्वरूप, आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक समीक्षा अवधिको अन्त्यसम्म कम्पनी अन्तर्गत सञ्चालित होटल तथा सम्बन्धित आतिथ्य सेवासम्बन्धी पर्यटकीय, व्यावसायिक तथा सञ्चालनगत गतिविधिहरू गत आर्थिक वर्षको सोही अवधिको तुलनामा लगभग १४.८९

प्रतिशतले वृद्धि भएका छन्। फलस्वरूप, कम्पनीको समग्र सञ्चालन कार्यसम्पादन, सेवा उपयोग तथा व्यावसायिक क्रियाकलापमा समेत सन्तोषजनक सुधार देखिएको छ।

समीक्षा अवधिमा रसुवा तथा नेपाल-चीन सीमावर्ती भोटेकोसी नदीको माथिल्लो जलाधार क्षेत्रमा उत्पन्न बाढी तथा पहिरोका कारण पर्यटनसम्बद्ध पूर्वाधार, यातायात सञ्जाल, होटल तथा आतिथ्य सेवा उद्योग र साहसिक पर्यटन गतिविधिहरू प्रभावित भए। यस घटनाले नेपालमा बिदेशी पर्यटक आगमन, पर्यटन सम्बद्ध आर्थिक गतिविधिहरु पूर्वनिर्धारित सभा, सम्मेलन तथा उत्सव समारोह आयोजन जस्ता स्थगीत भए जसबाट विदेशी मुद्रा आर्जनमा अस्थायी प्रतिकूल प्रभाव पारेको भएतापनि सम्बन्धित निकाय तथा निजी क्षेत्रको समन्वित प्रयासबाट प्रभावित पर्यटन गतिविधिहरू पुनः सञ्चालन हुन थालिसकेका छन्।

उक्त प्राकृतिक विपद्को घटनाले पर्यटन क्षेत्रको दिगोपना सुनिश्चित गर्न विपद् जोखिम न्यूनीकरण, पूर्वसूचना प्रणालीको सुदृढीकरण तथा जलवायु परिवर्तनका प्रभावहरू सामना गर्न सक्ने उत्थानशील पर्यटन पूर्वाधारको विकास अपरिहार्य रहेको तथ्यलाई थप उजागर गरेको छ। प्राकृतिक विपद्प्रति उच्च संवेदनशीलता रहेको नेपालको पर्यटन क्षेत्रको दिगो विकास, संरक्षण तथा प्रभावकारी व्यवस्थापनका लागि विपद् जोखिम न्यूनीकरणलाई प्रमुख नीतिगत प्राथमिकताका रूपमा आत्मसात् गर्नु अत्यावश्यक रहेको यथार्थ समेत यस घटनाले स्पष्ट पारेको छ। साथै, नेपालको वास्तविक अवस्था, विपद्पछिको पुनरुत्थान क्षमता तथा पर्यटन क्षेत्रका सम्भावना र सकारात्मक पक्षहरूबारे अन्तर्राष्ट्रिय समुदाय समक्ष विश्वसनीय, तथ्यपरक र समय सापेक्ष सूचना सम्प्रेषण गर्न नसक्दा राष्ट्रिय पर्यटन छविमा प्रतिकूल प्रभाव पर्न सक्ने जोखिम समेत उजागर भएको छ। फलस्वरूप, पर्यटन क्षेत्रको पुनरुत्थान, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा दीर्घकालीन दिगोपना सुनिश्चित गर्ने प्रयासहरू थप जटिल र बहुआयामिक चुनौतीबाट प्रभावित भए।

समीक्षा अवधिमा पर्यटन उद्योगमा देखिएको सुदृढ पुनरुत्थानसँगै नेपालको समग्र पर्यटन क्षेत्र उल्लेखनीय रूपमा पुनर्जीवित हुँदै सुधार र विस्तारको मार्गमा अग्रसर रहेको छ। आन्तरिक पर्यटनको बढ्दो सक्रियता, हिमाली तथा पदयात्रा गन्तव्यहरूमा विदेशी पर्यटक आगमनमा भएको निरन्तर वृद्धि, हवाई सेवाको विस्तार तथा काठमाडौं, पोखरा, लुम्बिनी, चितवन र जोमसोमलगायत प्रमुख पर्यटकीय गन्तव्यहरूका होटलहरूको अकुपेन्सी दरमा आएको उल्लेखनीय सुधारले पर्यटन क्षेत्रको पुनरुत्थान, गतिशीलता र सम्भावनालाई थप सुदृढ बनाएको छ।

कम्पनीले सेवा गुणस्तर, ग्राहक सन्तुष्टि, सञ्चालन दक्षता तथा बजार विस्तारलाई रणनीतिक प्राथमिकताका रूपमा अवलम्बन गर्दै व्यवसाय सञ्चालन गरिरहेको छ। पर्यटन क्षेत्रको निरन्तर सुधार, सकारात्मक बजार प्रवृत्ति तथा अनुकूल व्यावसायिक वातावरणका आधारमा कम्पनीको कार्यसम्पादन, आम्दानी र वित्तीय अवस्था आगामी अवधिमा थप सुदृढ हुने अपेक्षा गरिएको छ। साथै, दिगो व्यावसायिक वृद्धि सुनिश्चित गर्न कम्पनीले सञ्चालन दक्षता अभिवृद्धि, प्रभावकारी लागत व्यवस्थापन तथा सेवा गुणस्तरको निरन्तर सुधारसम्बन्धी रणनीतिहरू कार्यान्वयन गर्दै जाने नीति अवलम्बन गरेको छ।

संयुक्त राष्ट्रसंघीय पर्यटन संगठनको सेप्टेम्बर २०२६ मा प्रकाशित विश्व पर्यटन ब्यारोमिटर अनुसार, विश्व पर्यटन क्षेत्रमा यात्राको माग कायम रहे पनि भू-राजनीतिक तनाव, मध्यपूर्वमा जारी द्वन्द्व, इन्धनको उच्च मूल्य, यातायात तथा आवास सम्बन्धी बढ्दो खर्च र विश्व अर्थतन्त्रमा विद्यमान अनिश्चितताका कारण पर्यटन क्षेत्रको वृद्धिमा चुनौती थपिएका छन्। प्रतिवेदन अनुसार, सन् २०२६ को जनवरी देखि जुन सम्म विश्वव्यापी अन्तर्राष्ट्रिय पर्यटक आगमन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.४ प्रतिशतले वृद्धि भएको छ। यी तथ्याङ्कले विश्व पर्यटन क्षेत्रले प्रतिकूल अन्तर्राष्ट्रिय परिस्थितिका बीच सीमित वृद्धि कायम राखे पनि यसको पुनरुत्थान प्रक्रिया अझै असमान र बाह्य जोखिमप्रति संवेदनशील रहेको स्पष्ट पार्दछन्।

विश्व पर्यटन बजारमा देखिएको सकारात्मक प्रवृत्तिले नेपालको पर्यटन क्षेत्रलाई समेत अनुकूल प्रभाव पारेको छ। प्राकृतिक, साहसिक, धार्मिक तथा सांस्कृतिक पर्यटनका विशिष्ट आकर्षणका कारण नेपाल अन्तर्राष्ट्रिय पर्यटकहरूको प्रमुख गन्तव्यका रूपमा सुदृढ बन्दै गएको छ। एशिया-प्रशान्त क्षेत्रमा पर्यटन गतिविधिको विस्तार, विशेषगरी भारत, चीन तथा दक्षिण-पूर्वी एशियाली मुलुकहरूबाट बढ्दो पर्यटक आवागमनले नेपालको पर्यटन क्षेत्रको वृद्धिलाई थप टेवा पुगेको छ।

यद्यपि, अन्तर्राष्ट्रिय यात्रा खर्चमा वृद्धि, हवाई यातायात क्षमताको सीमितता तथा विश्व आर्थिक अनिश्चितताका चुनौतीहरू विद्यमान रहे पनि पर्यटन पूर्वाधार, हवाई सम्पर्क तथा सेवा गुणस्तरमा निरन्तर सुधार मार्फत नेपालको पर्यटन क्षेत्रले थप

वृद्धि र विस्तारको सम्भावना बोकेको छ । यस परिप्रेक्ष्यमा, कम्पनी अन्तर्गत सञ्चालित 'दि सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सन' तथा 'द सोल्टी गेट गुरमेट' का व्यावसायिक गतिविधिहरू समीक्षा अवधिमा निरन्तर, व्यवस्थित र सुदृढ रूपमा सञ्चालन भएका छन् ।

(ख) आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक समीक्षा अवधिको अन्त्य (२०८३ साल आश्विन मसान्त) सम्मका लेखापरीक्षण नभएका अपरिष्कृत वित्तीय विवरणअनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा कम्पनीको खुद मुनाफामा १५.२० प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिको वित्तीय परिणाम तथा प्रमुख कार्यसम्पादन सूचकाङ्कहरूको विश्लेषणबाट कम्पनीको समग्र व्यावसायिक कार्यसम्पादनमा सकारात्मक सुधार देखिएको छ। साथै, कम्पनीका व्यावसायिक गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन हुँदै आएको र समग्र कार्यसम्पादन सन्तोषजनक रहेको छ ।

समीक्षा अवधिको प्रथम त्रैमासिकमा कम्पनीका होटल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी गतिविधिहरू स्वीकृत व्यावसायिक रणनीति तथा कार्ययोजना अनुरूप प्रभावकारी रूपमा सञ्चालन गरिएका छन् । चुनौतीपूर्ण व्यावसायिक परिवेशका बीच पनि व्यवस्थापनले व्यावसायिक दक्षता, जोखिम व्यवस्थापन तथा श्रोत-साधनको प्रभावकारी परिचालन मार्फत संस्थागत लक्ष्यहरू हासिल गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको छ । सञ्चालक समितिबाट प्राप्त मार्गदर्शन, व्यवस्थापनको सक्षम नेतृत्व तथा कर्मचारीहरूको समर्पण र व्यावसायिक प्रतिबद्धताका कारण कम्पनीको कार्यसम्पादन सुदृढ र स्थिर रहन सफल भएको छ ।

समीक्षा अवधिमा कम्पनीले खर्च नियन्त्रण तथा श्रोत-साधनको अधिकतम उपयोगमा विशेष ध्यान दिँदै मितव्ययिताको नीति अवलम्बन गरेको छ । साथै, बजार प्रवर्द्धन, ग्राहक सम्बन्ध व्यवस्थापन, सेवा गुणस्तर अभिवृद्धि तथा सञ्चालन प्रक्रियामा सुधार सम्बन्धी विभिन्न पहलहरू कार्यान्वयन गरिएको छ । आतिथ्यता व्यवस्थापनलाई थप व्यवस्थित, उत्तरदायी र नतिजा मुखी बनाउने उद्देश्यले संस्थागत सुदृढीकरणका कार्यहरू निरन्तर अघि बढाइएका छन्, जसबाट कम्पनीको दीर्घकालीन प्रतिस्पर्धात्मक क्षमता र व्यावसायिक दिगोपनामा थप टेवा पुग्ने अपेक्षा गरिएको छ । कम्पनी आगामी दिनहरूमा पनि सेवा गुणस्तर, ग्राहक सन्तुष्टि, वित्तीय सुदृढता तथा संस्थागत सुशासनलाई केन्द्रमा राखी आफ्ना व्यावसायिक गतिविधिहरूलाई निरन्तरता दिन प्रतिबद्ध रहेको छ ।

कम्पनीले दिगो तथा जिम्मेवार व्यवसायका सिद्धान्तहरूलाई आफ्नो सञ्चालन व्यवस्थाको अभिन्न अङ्गका रूपमा आत्मसात् गर्दै वातावरणीय संरक्षण, स्रोत-साधनको दक्ष उपयोग, कर्मचारी कल्याण तथा सामाजिक उत्तरदायित्वसम्बन्धी पहलकदमीहरूलाई निरन्तरता दिएको छ। ऊर्जा तथा पानीको मितव्ययी उपयोग, प्रभावकारी फोहोर व्यवस्थापन, खाद्य सुरक्षा तथा वातावरणमैत्री अभ्यासहरूको कार्यान्वयनमार्फत कम्पनीले सेवा गुणस्तर र दिगोपनाबीच सन्तुलित समन्वय कायम गरेको छ । साथै, स्थानीय समुदायसँगको सहकार्य, कर्मचारी क्षमता अभिवृद्धि, व्यावसायिक स्वास्थ्य तथा सुरक्षा प्रवर्द्धन र जिम्मेवार आपूर्ति व्यवस्थापनलाई प्राथमिकता दिँदै कम्पनीले संस्थागत उत्तरदायित्वलाई थप सुदृढ बनाएको छ । यी प्रयासहरूले कम्पनीको दीर्घकालीन दिगोपना, सुशासन तथा जिम्मेवार व्यवसायप्रतिको प्रतिबद्धतालाई अझ सशक्त तुल्याएका छन् ।

(ग) समीक्षा अवधिसम्म कम्पनीको सक्षम तथा दूरदर्शी व्यवस्थापकीय नेतृत्व, परिणाममुखी रणनीतिक दृष्टिकोण र श्रोत-साधनको विवेकपूर्ण एवं दक्ष परिचालनका कारण मौज्दात, कार्यशील पूँजी तथा तरलताको अवस्था सुदृढ र सन्तोषजनक रहेको छ । वित्तीय अनुशासन, प्रभावकारी खर्च नियन्त्रण तथा नगद प्रवाह व्यवस्थापन सम्बन्धी नीतिहरूको सफल कार्यान्वयनबाट कम्पनीले आफ्नो सञ्चालन क्षमता, वित्तीय स्थायित्व तथा व्यावसायिक दिगोपनालाई निरन्तर सुदृढ तुल्याएको छ । साथै, चुनौतीपूर्ण व्यावसायिक परिवेशमा समेत व्यवस्थापनको कार्यकुशलता, दूरदृष्टिपूर्ण निर्णय क्षमता तथा उपलब्ध श्रोतहरूको अधिकतम उपयोग मार्फत कम्पनीले स्थिर र प्रभावकारी कार्यसम्पादन कायम राख्दै दीर्घकालीन रणनीतिक उद्देश्य, दिगो वृद्धि तथा संस्थागत मूल्य अभिवृद्धि तर्फ उल्लेखनीय प्रगति हासिल गरेको छ ।

(घ) विश्व पर्यटन क्षेत्रमा देखिएको निरन्तर पुनरुत्थान, अन्तर्राष्ट्रिय पर्यटक आगमनमा भइरहेको वृद्धि तथा नेपालतर्फ लक्षित हवाई सम्पर्क विस्तारका कारण नेपालको पर्यटन तथा आतिथ्य उद्योग आगामी अवधिमा थप सुदृढ हुने अपेक्षा गरिएको छ । यस अनुकूल परिवेशलाई दृष्टिगत गर्दै कम्पनीले बजार हिस्सा विस्तार, सेवा विविधीकरण तथा व्यावसायिक अवसरहरूको अधिकतम उपयोगमार्फत दिगो वृद्धि हासिल गर्ने रणनीति अवलम्बन गर्नेछ ।

राजस्व अभिवृद्धिको लक्ष्य प्राप्तिका लागि कम्पनीले उपलब्ध व्यावसायिक तथा रणनीतिक साधनहरूको प्रभावकारी परिचालन गर्नेछ । यस क्रममा होटल अकुपेन्सी वृद्धि, ग्राहक आकर्षण तथा पुनरागमन दर अभिवृद्धि, डिजिटल मार्केटिङ र सूचना प्रविधिको व्यापक उपयोग, सेवा गुणस्तर सुदृढीकरण तथा ग्राहक सन्तुष्टि अभिवृद्धिलाई विशेष प्राथमिकता दिइनेछ । साथै, वित्तीय अनुशासनलाई कायम राख्दै प्रभावकारी लागत व्यवस्थापन, श्रोत-साधनको अधिकतम उपयोग तथा अनावश्यक खर्च नियन्त्रण मार्फत नाफामूलकता थप सुदृढ गरिनेछ ।

यसका अतिरिक्त, अन्तर्राष्ट्रिय तथा आन्तरिक पर्यटन बजारका विभिन्न ग्राहक वर्गलाई लक्षित बजार प्रवर्द्धन रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत कम्पनीको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै व्यावसायिक गतिविधिहरूलाई थप दक्ष, नतिजामुखी तथा दिगो बनाउने नीति अवलम्बन गरिनेछ ।

(ङ) समीक्षा अवधिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकहरूको नियमित हवाई उडान, पर्यटकीय गतिविधिहरूको निरन्तर विस्तार तथा प्रीतिभोज, विवाह समारोह (बैंक्वेट) लगायतका कार्यक्रमहरूको सक्रिय सञ्चालनका कारण होटल व्यवसायमा सकारात्मक प्रभाव परेको छ । पर्यटन तथा आतिथ्य क्षेत्रको अनुकूल प्रवृत्तिलाई दृष्टिगत गर्दै कम्पनीले आगामी अवधिहरूमा अन्तर्राष्ट्रिय तथा आन्तरिक पर्यटन बजारका विविध ग्राहक समूहहरू सम्म आफ्नो पहुँच विस्तार गर्दै रणनीतिक साझेदारी सुदृढीकरण तथा सेवा-सुविधाको प्रभावकारी प्रवर्द्धनलाई निरन्तरता दिनेछ ।

समीक्षा अवधिमा अवलम्बन गरिएको व्यवस्थापकीय दक्षता, वित्तीय अनुशासन तथा मितव्ययितामा आधारित सञ्चालन नीतिलाई आगामी अवधिमा समेत निरन्तरता दिइनेछ । साथै, सम्भावित व्यावसायिक तथा आर्थिक जोखिमहरूको प्रभावकारी व्यवस्थापन मार्फत कम्पनीको वित्तीय तथा सञ्चालन स्थायित्वलाई थप सुदृढ बनाइनेछ ।

कम्पनीले कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली मार्फत होटल सञ्चालनलाई थप चुस्त, पारदर्शी, उत्तरदायी तथा नतिजामुखी बनाउने नीति अवलम्बन गरेको छ । यसका साथै, स्थापित व्यावसायिक रणनीतिहरूको प्रभावकारी कार्यान्वयन मार्फत आम्दानी अभिवृद्धि, लागत व्यवस्थापन, सेवा गुणस्तर सुदृढीकरण तथा ग्राहक सन्तुष्टि वृद्धिलाई प्राथमिकतामा राखी व्यवस्थापकीय प्रयासहरू केन्द्रित गरिनेछन् ।

समग्रमा, कम्पनी दिगो व्यावसायिक वृद्धि, वित्तीय सुदृढता, सेवा उत्कृष्टता तथा संस्थागत सुशासनलाई थप सुदृढ बनाउँदै आफ्नो आतिथ्य व्यवसायलाई अझ प्रतिस्पर्धी, प्रभावकारी र नाफामूलक बनाउने लक्ष्यसहित आगामी अवधिका व्यावसायिक गतिविधिहरू सञ्चालन गर्न प्रतिबद्ध रहेको छ ।

कम्पनीको दीर्घकालीन रणनीतिक सम्पत्ति अभिवृद्धि योजना तथा लक्जरी आतिथ्यता पूर्वाधारको आधुनिकीकरण एवं स्तरोन्नति सम्बन्धी कार्यक्रम अन्तर्गत सञ्चालित प्रिन्सेप विङ रिनोभेसन परियोजना बमोजिम उक्त प्रिन्सेप विङ भवनमा अवस्थित १०५ अतिथि कोठाहरूको संरचनात्मक सुदृढीकरण, आन्तरिक स्तरोन्नति तथा सेवा पूर्वाधारको व्यापक आधुनिकीकरण कार्य सञ्चालन भइरहेको छ । उक्त कार्यको प्रभावकारी कार्यान्वयनका लागि ती अतिथि कोठाहरू २०८३ आश्विन महिना देखि अस्थायी रूपमा व्यावसायिक सञ्चालनबाट बाहिर राखिएका छन् । परिणामस्वरूप, परियोजना कार्यान्वयन अवधिमा कोठा उपलब्धता तथा कोठा आम्दानीमा सीमित एवं अस्थायी प्रभाव पर्न सक्ने अवस्था विद्यमान रहे तापनि, परियोजना सम्पन्न पश्चात् होटेलको सेवा गुणस्तर, अतिथि अनुभव, सञ्चालन दक्षता तथा सम्पत्तिको समग्र आर्थिक उपयोगितामा उल्लेखनीय अभिवृद्धि हुने अपेक्षा गरिएको छ । कम्पनीको मूल्य अभिवृद्धि तथा दीर्घकालीन प्रतिस्पर्धात्मक क्षमताको सुदृढीकरणमा समेत उक्त परियोजनाले सकारात्मक योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

साथै, परियोजनाबाट उत्पन्न हुन सक्ने सम्भावित अल्पकालीन व्यावसायिक प्रभावहरूको व्यवस्थापन तथा न्यूनीकरणका लागि कम्पनीले उपलब्ध कोठा आवास क्षमताको अधिकतम उपयोग, वैकल्पिक आम्दानीका अवसरहरूको प्रवर्द्धन, लागत तथा नगद प्रवाह व्यवस्थापन, साथै श्रोत-साधनको दक्ष परिचालन सम्बन्धी आवश्यक व्यवस्थापकीय उपायहरू अवलम्बन गर्दै आएको छ । कम्पनीको मूल्याङ्कन अनुसार उक्त परियोजनाले दीर्घकालमा आम्दानी क्षमता, नगद प्रवाह, सम्पत्तिको मूल्य तथा आयु अभिवृद्धि तथा समग्र व्यावसायिक दिगोपनालाई थप सुदृढ गर्ने अपेक्षा गरिएको छ ।

३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिमा कम्पनीले करारको यथावत् परिपालना तथा करारबमोजिम उपयुक्त आदेश जारी गरिपाऊँ भन्ने विषयमा नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय विरुद्धको मुद्दामा जिल्ला अदालतबाट भएको फैसला उपर चित्त नबुझी सम्मानित उच्च अदालत पाटनमा पुनरावेदन-पत्र दायर गरेकोमा सो मुद्दामा सम्मानित उच्च अदालत पाटनबाट कम्पनीको पक्षमा फैसला भएको छ ।

समीक्षा अवधिमा कम्पनीविरुद्ध कुनै किसिमको मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित कानून, नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिमा कम्पनी वा कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराधसंग सम्बन्धीत कुनै पनि मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा देखिने उतार चढाव खुल्ला बजार प्रणालीद्वारा निर्धारण हुने मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयर कारोबार सम्बन्धी विषयमा कम्पनी व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८३/८४ को आश्विन मसान्त २०८३ मा समाप्त भएको प्रथम त्रैमासिक अवधिमा, **प्रति शेयर रु. १०** अंकित मूल्य भएका कम्पनीका शेयरहरुको **अधिकतम, न्यूनतम, अन्तिम कारोबार मूल्य,** साथै **कुल कारोबार भएको कूल दिनहरु तथा कारोबार संख्या** निम्नानुसार रहेको छ:–

त्रैमासिक आ.व. २०८३/८४ (२०२६/२७)	शेयरको कारोबार – मूल्य (रु.)			कुल शेयरको कारोबार – दिन र संख्या		
	अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कूल दिन	कारोबार संख्या	कुल कारोबार शेयर संख्या
प्रथम त्रैमासिक (२०८३ आश्विन मसान्त)	५३२.५०	४८८.००	५२०.००	६१	४,४९५	१५,३८,६२८

५. समस्या तथा चुनौती

(क) समस्या तथा चुनौतीहरु:

आन्तरिक चुनौतीहरू:

(१) कम्पनीमा हाल कुनै आन्तरिक समस्या वा अवरोधहरू देखिएका छैनन् ।

बाह्य चुनौतीहरू:

(२) विश्वव्यापी रुपमा फैलिने स्वास्थ्य सम्बन्धी संक्रामक रोगहरु (जस्तै भाईरस) बाट पर्ने व्यावसायीक प्रतिकूल प्रभावहरु ।

(३) अप्रत्याशित रूपमा घट्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमहरूले पर्यटन गतिविधिहरूमा पार्न सक्ने प्रभाव ।

(४) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरूको अभावबाट उत्पन्न हुने नकारात्मक प्रभाव ।

(५) पर्यटकहरूको सुरक्षा, देशको आर्थिक र राजनीतिक अवस्था, आन्दोलनहरू, तथा सम्बन्धित पर्यटन श्रोत मुलुकहरूबाट जारी गरिने यात्रा प्रतिबन्ध निर्देशहरूबाट व्यवसायमा पर्ने असरहरू ।

(६) विदेशी विनिमय दर जस्तै अमेरिकी डलर र युरो आदीमा हुने अप्रत्याशित उतार चढाव ।

(७) ऊर्जा, विद्युत, इन्धन, उपभोग्य तथा औद्योगिक वस्तुहरूमा हुने अप्रत्याशित मूल्यवृद्धिले व्यवसायमा पार्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरु ।

(८) दक्ष जनशक्ति, मानव संसाधन तथा श्रमसम्बन्धी समस्याहरूबाट व्यवसायमा पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरू ।

(९) नयाँ होटेलहरूको व्यवसायिक सञ्चालन पछि देखिएका वा भविष्यमा देखिन सक्ने होटेल कोठाहरूको आपूर्तिमा वृद्धि र पर्यटन बजारमा आएको माग-आपूर्तिको असन्तुलन ।

(१०) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, बन्द-हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी, सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव, तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा कमीबाट व्यवसायमा पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरू ।

(११) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरू, प्राकृतिक तथा दैवी विपद् (भूकम्प, बाढी, पहिरो आदि) बाट व्यवसायमा पर्ने प्रभावहरू ।

(ख) रणनीति

प्राकृतिक विपद्, महामारी तथा अन्य दैवी प्रकोपका कारण उत्पन्न हुन सक्ने अप्रत्याशित र अनिश्चित प्रतिकूल परिस्थितिहरूको सामना तथा जोखिम न्यूनीकरण गर्न, सरकारले समय-समयमा जारी गर्ने वैधानिक तथा प्रतिबन्धात्मक

SHARE HUB

उपायहरूको पूर्ण पालना गर्दै, पर्यटन क्षेत्रमा पर्न सक्ने प्रतिकूल प्रभावहरूलाई न्यूनतममा सीमित राख्ने उद्देश्यले होटेल सञ्चालन सम्बन्धी व्यावसायिक गतिविधिहरू निरन्तर सञ्चालन गर्ने रणनीतिक कार्ययोजनाको तर्जुमा गरिएको छ।

उक्त कार्ययोजना अन्तर्गत, प्रतिकूल परिस्थितिमा समेत होटेलका पूर्वाधार संरचना, सेवा-सुविधा तथा सञ्चालन प्रणालीहरू पूर्ण रूपमा क्रियाशील राख्दै, व्यवसायको निरन्तरता र स्थायित्व सुनिश्चित गर्न उच्चस्तरीय कार्यकुशलता र रणनीतिक व्यवस्थापन अवलम्बन गर्ने नीति रहेको छ।

यसैगरी, सञ्चालन खर्च न्यूनीकरण गर्ने उद्देश्यले अपनाउनुपर्ने सबै व्यावसायिक, रणनीतिक तथा नीतिगत उपायहरूलाई पूर्ण क्षमतामा कार्यान्वयन गर्दै कम्पनीका उपलब्ध सबै साधन श्रोत र संयन्त्रहरूको समुचित र दक्षतापूर्वक सदुपयोग गरिएको छ। होटेल सञ्चालन तथा व्यवस्थापनलाई न्यूनतम लागतमा प्रभावकारी रूपमा सञ्चालन गर्ने, मानव संसाधन सँग सम्बन्धित खर्चहरूमा मितव्ययिता अपनाउने, साथै अनावश्यक तथा गैर उत्पादक खर्चहरू कटौती गर्ने नीति कडाईका साथ लागू गर्ने गरिएको छ।

कम्पनीले रणनीतिक सम्पत्ति अभिवृद्धि तथा लक्जरी आतिथ्यता पूर्वाधार आधुनिकीकरण सम्बन्धी परियोजनाहरूको कार्यान्वयनबाट उत्पन्न हुन सक्ने सम्भावित सञ्चालनगत, वित्तीय तथा व्यावसायिक जोखिमहरूको प्रभावकारी व्यवस्थापन एवं न्यूनीकरण गर्दै व्यावसायिक गतिविधिहरूको अविच्छिन्न सञ्चालन, आम्दानी प्रवाहको स्थायित्व तथा संस्थागत कार्यसम्पादनको निरन्तरतालाई सुनिश्चित गर्ने नीति अवलम्बन गरेको छ।

यसरी, प्रतिकूल परिस्थितिलाई समेत अनुकूल व्यावसायिक अवसरमा रूपान्तरण गर्दै, होटेलको आय आर्जन क्षमता अभिवृद्धि गर्ने कार्ययोजनालाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने तर्फ व्यवस्थापन प्रतिबद्ध रहेको छ।

६. संस्थागत सुशासन

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण

(१) कम्पनीको लेखापरीक्षण समितिले वार्षिक वैधानिक लेखापरीक्षण प्रतिवेदन लगायत स्वतन्त्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन, तथा व्यवस्थापकीय प्रतिवेदनहरूको त्रैमासिक रुपमा पुनरावलोकन र समीक्षा गरी व्यवस्थापनलाई आवश्यक सल्लाह, सुझाव र सिफारिसहरू प्रदान गर्ने गर्दछ। साथै, स्वतन्त्र आन्तरिक लेखापरीक्षण तथा वार्षिक वैधानिक लेखापरीक्षण प्रतिवेदनहरुमा औल्याईएका अवलोकन र सिफारिसहरु कार्यान्वयन भए नभएको प्रतिवेदन स्वतन्त्र आन्तरिक लेखापरीक्षकद्वारा लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ। लेखापरीक्षण समितिले सञ्चालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ तथा सोहि प्रतिवेदनका आधारमा सञ्चालक समितिले व्यवस्थापनलाई आवश्यक निर्देशन तथा मार्गदर्शन प्रदान गर्ने गर्दछ।

(२) कम्पनीले आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत, कम्पनी तथा होटेलको आन्तरिक लेखापरीक्षणको व्यवस्था गरेको छ।

(३) कम्पनीको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षक, स्वतन्त्र चार्टर्ड एकाउन्टेण्टस् द्वारा गरिन्छ, जसले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन कम्पनीको लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ। लेखापरीक्षण समितिले सो सम्बन्धमा सञ्चालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ।

(४) कम्पनीले नियमनकारी निकायहरूद्वारा जारी गरिएका नियम, विनियम, निर्देशनहरू तथा अन्य प्रचलित ऐन र कानुनहरू अनुसार पालना गर्नुपर्ने मापदण्डहरूको पूर्ण रुपमा पालना गर्ने गर्दछ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष

अनुसूची १

SOALTEE HOTEL LIMITED
UNAUDITED FINANCIAL RESULTS
AT THE END OF 31 ASHWIN 2083 (17 OCTOBER 2026), THE FIRST QUARTER OF THE FISCAL YEAR 2083/84 (2026/27)

PARTICULARS	UP TO THIS QUARTER ENDING ON 31 ASHWIN 2083 (UNAUDITED)	UP TO QUARTER ENDING ON 32 ASHADH 2083 (UNAUDITED)	CORRESPONDING PREVIOUS YEAR QUARTER ENDING ON 31 ASHWIN 2082 (UNAUDITED)
STATEMENT OF FINANCIAL POSITION AS AT 31 ASHWIN 2083 (17 OCTOBER 2026)			
ASSETS			
Non-Current Assets			
Property, Plant and Equipment	3,062,727,592	2,836,921,252	2,768,408,479
Intangible Assets	12,797,039	13,078,291	15,469,748
Investment Property	85,011,046	85,186,279	86,672,997
Investments	286,822,282	286,927,201	286,927,201
Trade and Other Receivables	42,709,262	39,067,628	43,140,386
Total Non-Current Assets	**3,490,067,221**	**3,261,180,651**	**3,200,618,811**
Current Assets			
Inventories	128,626,818	127,023,238	140,076,361
Trade and Other Receivables	239,463,191	286,278,622	287,596,688
Prepayments	17,860,845	30,813,780	15,865,129
Cash and Cash Equivalent	393,171,621	286,239,525	46,885,933
Total Current Assets	**779,122,475**	**730,355,165**	**490,424,111**
Total Assets	**4,269,189,696**	**3,991,535,816**	**3,691,042,922**
Equity and Reserves and Surplus			
Share Capital	1,175,152,540	1,175,152,540	1,021,862,690
Retained Earnings and Reserves	2,340,374,103	2,176,569,290	1,870,106,387
Total Equity	**3,515,526,643**	**3,351,721,830**	**2,891,969,077**
Liabilities			
Non-Current Liabilities			
Loans and Borrowings	-	3,046,355	4,813,000
Employee Benefits	130,060,457	121,478,500	122,251,767
Deferred Tax Liabilities	45,358,474	49,048,096	49,048,096
Trade and Other Payables	58,728,954	60,506,732	65,081,954
Total Non-Current Liabilities	**234,147,885**	**234,079,683**	**241,194,817**
Current Liabilities			
Loans and Borrowings	-	1,669,000	146,220,949
Employee Benefits	137,994,202	109,967,040	97,130,217
Income Tax Payable	20,705,437	10,993,872	4,662,866
Trade and Other Payables	360,815,529	283,104,391	309,864,996
Total Current Liabilities	**519,515,168**	**405,734,303**	**557,879,028**
Total Liabilities	**753,663,053**	**639,813,986**	**799,073,845**
Total Equity and Liabilities	**4,269,189,696**	**3,991,535,816**	**3,691,042,922**
STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED ON 31 ASHWIN 2083 (17 OCTOBER 2026)			
Revenue	721,412,851	3,148,091,702	627,940,741
Total Revenue	**721,412,851**	**3,148,091,702**	**627,940,741**
Consumption of Food and Beverages	135,231,332	547,244,139	124,008,858
Employee Benefit Expenses	172,532,012	676,511,188	150,379,793
Operating Expenses	80,673,994	326,096,664	82,015,627
Depreciation and Amortization Expenses	51,646,139	179,001,291	45,320,280
Administrative & Other Expenses	109,949,510	496,802,632	82,124,773
Total Expenditures	**550,032,987**	**2,225,655,914**	**483,849,331**
Profit/(Loss) from Operations	**171,379,864**	**922,435,788**	**144,091,410**
Finance Cost	99,820	7,115,385	2,322,323
Profit/(Loss) Before Tax	**171,280,044**	**915,320,403**	**141,769,087**
Provision for Tax	28,904,807	154,214,311	18,183,054
Net Profit/(Loss) After Tax	**142,375,237**	**761,106,092**	**123,586,033**

Note: The above Financial Statement presentation is subject to change if instructed otherwise by the Statutory Auditors or changes made by the Regulatory Authority, if any.